# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल र Rt. Hon. The Lord Mayor of the City of London, Peter Estlin बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग २०७६ भदौ २९ गते Rt. Hon. The Lord Mayor of the City of London, Peter Estlin ले भेटवार्ता गर्नुभयो । उक्त भेटका अवसरमा उहाँहरुबीच नेपालको समग्र वित्तीय प्रणाली, वित्तीय पहुँच तथा समावेशीकरण र यस बैंकले हालै शुरुवात गरेको Real Time Gross Settlement (RTGS) प्रणालीको विषयमा छलफल भयो ।



सो अवसरमा गभर्नर डा. नेपालले RTGS प्रयोगसँगै वित्तीय कारोबार छिटो, छरितो, सुरक्षित र विश्वसनीय हुने र एकैसाथ धेरै कारोबारहरु गर्न सकिने धारणा राख्नुभयो । साथै, गभर्नर डा. नेपालले वित्तीय प्रविधिको प्रभावकारिताको लागि विद्युतीय माध्यमबाट हुने कारोबारलाई सुरक्षित र भरपर्दो तुल्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभयो । यसबाट अनौपचारिक कारोबारलाई निरुत्साहित गर्दै औपचारिक कारोबारको प्रवर्द्धन र वित्तीय सेवाको पहुँच अभिवृद्धिमा समेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा Rt. Hon. Peter Estlin ले वित्तीय प्रविधिलाई विश्वसनीय तुल्याउन सकेको खण्डमा आर्थिक तथा वित्तीय प्रणालीको विकासमा टेवा पुग्ने धारणा राख्नुभयो । प्रविधिको उपयुक्त प्रयोग भएको खण्डमा त्यसबाट सेवाग्राही लाभान्वित हुने र वित्तीय पहुँच तथा समावेशीकरणमा मद्दत पुग्ने समेत उल्लेख गर्नुभयो । साथै, उहाँले नयाँ प्रविधिको प्रयोगका क्रममा जोखिम र चुनौतीहरु समेत आउनसक्ने भएकाले त्यसतर्फ सचेत रहन सुझाव दिनुभयो ।

भेटका अवसरमा गभर्नर डा. नेपालले नेपालको वित्तीय प्रणालीलाई आधुनिकीकरण गर्नका लागि बेलायती सहयोग नियोगबाट सहयोग प्राप्त भएको उल्लेख गर्दै त्यसको निम्ति बेलायती संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

उक्त भेटका अवसरमा नेपालका लागि बेलायती राजदूत Richard Morris समेतको उपस्थिति रहेको थियो । साथै, सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको पनि उपस्थिति रहेको थियो ।

२०७६ भदौ २९, आइतबार

गभर्नरको कार्यालय